मिति २०७७/१२/२ गतेको सचिव वैठकका निर्णयहरु-

१) आगामी आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयहरुको क्षेत्रगत (Sectoral) मस्यौदा तयार गरी आगामी सचिव वैठकमा प्रस्तुत गर्ने ।

२) सहलगानी सम्बन्धी कार्यविधि, २०७७ अनुसार यस प्रदेशबाट सहलगानीमा कार्यान्वयन गरिनुपर्ने आयोजनाहरु समयसीमा भित्रै अर्थ मन्त्रालयलाई जानकारी दिन र राष्ट्रिय योजना आयोगको आयोजना वैंकमा पेश गर्ने गरी विवरण तयार पार्ने कार्य सम्बन्धित मन्त्रालयहरुले अगाडि बढाउने साथै सो सम्बन्धमा यसपूर्व मिति २०७७/१०/२० गतेको सचिव वैठकको निर्णय शीघ्र कार्यान्वयन गर्ने ।

३) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा तयार पारिएको यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को अन्तिम प्रतिवेदन प्राप्त भईसकेको सन्दर्भमा यसपूर्व यस कार्यालयबाट समेत सचिवहरुलाई पठक-पटक जानकारी दिईएकोमा मन्त्रालयका सचिवहरुले उक्त प्रतिवेदन अध्ययन गरी आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयवस्तु उपर मन्त्रालयको धारणा, आवश्यकता, थपघट गरिनुपर्ने विषय लिखित रुपमा तीन दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

४) प्रदेशका सबै मन्त्रालयहरुले आफ्नो मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीहरुको छुट्टाछुट्टै व्यक्तिगत विवरण फाईल- २ प्रति तयार पारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने सम्बन्धी यसपूर्व मिति २०७७/६/६ गतेको सचिव वैठकको निर्णय कार्यान्वयन गर्दै उक्त विवरणहरु २०७७ चैत्र मसान्तभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउने ।

५) प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/५/२२ को निर्णयानुसार नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावलीद्वारा प्रदत्त क्षेत्राधिकारभित्र रही सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालय सम्बद्ध नीति, योजना तथा मापदण्डहरु लगायतका आवश्यक कानूनहरुको मस्यौदा मिति २०७७ साल पुस मसान्तभित्र तयार गरी स्वीकृतीका लागि पेश गर्ने निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयन सम्बन्धमा यसपूर्व मिति २०७७/६/६ गते र मिति २०७७/८/२१ गतेको सचिव वैठकबाट समेत निर्णयहरु भएकोमा उल्लेखित कानूनहरुको मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा शीघ्र पेश गर्ने ।

६) म.ले.प. प्रतिवेदनद्वारा औंल्याईएको वेरुजु फर्छ्यौट गर्ने, नियमित गर्ने र सम्परीक्षण सम्बन्धी कार्यहरु गर्ने, गराउने साथै लेखा उत्तरदायी अधिकारीले सकभर वेरुजु हुन नदिने गरी आर्थिक कारोवार संचालन गर्ने ।

७) मन्त्रालयहरुले कर्मचारीहरुको अध्ययन विदा, वेतलवी विदा स्वीकृतिका लागि सिफारिस गर्दा मन्त्रालय/कार्यालयको कार्यवोझ, जनशक्तिको उपलब्धता र विदाको आवश्यकता तथा सान्दर्भिकता, मन्त्रालय वा अन्तर्गतको वार्षिक नीति तथा कार्यक्रम र कार्यक्रमगत बजेटको उपलब्धी समेतका आधार समेत केलाई विदा स्वीकृतिको सिफारिस गर्ने ।

८) मिति २०७७/६/७ को प्रदेश सरकार (म.प.) को निर्णयानुसार व्याँस गाउँपालिका विशेष कार्यक्रम अन्तर्गत विभिन्न मन्त्रालयहरुमा विनियोजित बजेटलाई तोकिएको क्षेत्र/क्रियाकलापहरुमा समयमै खर्च गरी प्रगति हासिल गर्ने तर्फ सबै मन्त्रालयहरुले विशेष जोड दिने सम्बन्धमा यसपूर्व मिति २०७७/८/२१ गतेको सचिव वैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने ।

९) मन्त्रालयका सचिवहरु विदामा बस्दा, प्रदेशभित्र तथा प्रदेश बाहिर काजमा जाँदा सो को जानकारी अनिवार्य रुपमा विभागीय मन्त्रीलाई जानकारी गराउने ।यस कार्यालयको पूर्व स्वीकृति विना सचिव प्रदेश वाहिर नजाने र प्रदेश भित्र काजमा जादा यस कार्यालयलाई जानकारी दिने । काजमा गई फर्किआए पश्चात लिखित प्रतिवेदनको एक प्रति यस कार्यालयमा समेत पठाउने ।

१०) सचिव वैठकमा अधिकांश मन्त्रालयका निमित्त सचिवले भाग लिने गरेको देखिँदा अब उप्रान्त सचिवले नै अनिवार्य रुपमा भाग लिने ।

२०७७।१२।२

प्रमुख सचिव